# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

www.missionenews.com

राष्ट्रिय साप्ताहिक

वर्ष-५ | अंक-३ | २०७७ साउन २१ गते बुधबार | 05 August 2020 Wednesday | मूल्य रू. १०/-


## बाढी पहिरोले जनजीवन कष्टकर

**मिसन न्यूज**

**कालिकोट**

जिल्लामा ठूलो जनधनको क्षती व्यहोरेको बाढी पहिरोमा परेर ३५८ घर भत्किएका र १८ जनाको मृत्यु भएको छ भने ७ जना वेपत्ता भएका छन्। जिल्लाको नरहरिनाथ गाउँपालिकामा बाढी पहिरोको सबैभन्दा धेरै क्षति पुगेको छ। गापामा १० जनाको मृत्यु भएको छ भने एक जना बेपत्ता छन्। ५३ घर भत्किएको र ४ सय ९४ परिवारका १ हजार ९ सय १९ जना विस्थापित भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। प्रमुख जिल्ला अधिकारी चन्द्रप्रसाद गैरेले बाढीपहिरोले जिल्लाभर झन्डै १५ करोड रुपैयाँको क्षति पुर्‍याएको बताए। उनका अनुसार जिल्लाभर ३ सय ५८ घर भत्किएका छन् । राष्कोट नगरपालिकामा २ जनाको मृत्यु भएको छ । त्यस्तै ५ जना बेपत्ता भएका छन्। नगरपालिकामा ३० घर भत्किएका छन् भने १६ घरका ८९ जना विस्थापित भएका छन्। त्यस्तै खाडाचक्रमा एक जना र सान्नीत्रिवेणीमा २ जनाको मृत्यु भएको छ । २ जना बालबालिकाले ज्यान गुमाएको



रास्कोट नगरपालिकाको गङ्गेखोलामा भाँसिएको पहिरो। तस्विर : मिसन न्यूज

महाबैमा ५ घर भत्किएका छन् भने १२ जना विस्थापित भएको स्थानीय प्रशासनले जानकारी दिएको छ। पलाँता गापामा १ जनाको मृत्यु भएको छ भने ८ घर भत्किएका छन्। जिल्लाको शुभकालिका गाउँपालिकामा ९ परिवारका १२ जना विस्थापित भएका छन्।

## धार्मिक स्थलबाट फर्किए तीर्थालु

**मिसन न्यूज**

**कालिकोट**

मध्य तथा सुदूरपश्चिमको महत्वपूर्ण धार्मिक तथा पर्यकीयस्थल मानिने बढीमालिकाको दर्शन गर्न एक साताअघि गएका तीर्थालु पुजाँपाठ गरेर फर्किएका छन्। हरेक वर्ष जनै पूर्णिमाको अघिल्लो दिन मनाइने धार्मिक मेला आइतबार पवित्र धाम त्रिवेणीमा स्नान गरी बढीमालिका माईको दर्शन तथा पुजापाठ गरी तीर्थालुहरु सोमबार घर फर्किएका हुन्। बढीमालिकामा कालिकोट, जुल्ला, मुगु, हुम्ला, बाजुरा, अछाम डोटी डडेलदुरा, बझाङ, कैलाली, दार्चुला, कञ्चरपुर, सुर्खेत लगायत विभिन्न ठाउबाट तीर्थालुहरु दर्शन गर्न आउने गरेका छन्।

त्यहा आउने भक्तजले दर्शन गर्नु पूर्व त्रिवेणी धामको पवित्र जलमा स्नान गरी, पाप पखाल्ने र एक बास त्रिवेणीमै बसेर शुद्ध मन लिएर बढीमालिका पूजा गर्न जाने परापुर्वकालदेखिको चलन रहेको छ।' बढीमालिका माईको दर्शन गर्नाले मनले मागेको कुरा पूरा हुने धार्मिक विश्वास रहेको पाइन्छ। बढीमालिका मन्दिरको धार्मिक महत्व मात्र नभई १४० भन्दा बढी जातका फूल, सयौं जातका जडिबुटी, ७० भन्दा बढी प्रकारका चरा पाइन्छ। ६ महिना घोडा भेडाहरु चराउनका लागि उपयुक्त चरिचरन क्षेत्र, २२ वटा घाँसे मैदान, तीन वटा नदीको संगम रहेको पवित्र



धाम त्रिवेणी त्यही पर्छ। थुप्रै ठाउँ नियाल्न सकिने अग्ला-अग्ला हिमश्रृंखलाहरुले तीर्थालुको मन लोभ्याउने गर्छ।

पर्यटकीय महत्वको गहना बढीमालिका र त्रिवेणी पाटनको विकासका लागि सरकारी पहल भएको छैन। बढीकालीका लगायत अन्य मन्दिरमा दर्शनार्थीले सुना चाँदी र अन्य बहुमूल्य गरगहना चढाउने गर्दछन् तर ती सामान सरकारी ढुकुटीमा गएको देखिँदैन। मध्य तथा सुदूरपश्चिमका अधिकांश जिल्लाबाट तीर्थालुहरु जाने बढीमालिकामा कालिकोट, बाजुरा लगायतका जिल्लाका व्यक्तिले भेडा, बाख्रा, घोडा लगायतका चौपाया लराउन लानुका साथै गर्नुका साथै जडिबुटि पनि संकलन गर्ने गरिन्छ।

## ३० करोड बेरुजु

**जुम्ला**-जिल्लाका आठ स्थानीय तहको रु ३० करोडभन्दा बढी बेरुजु देखिएको छ। महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको वार्षिक प्रतिवेदनमा जुम्लाका एक नगरपालिका र सात गाउँपालिका गरी आठ स्थानीय तहको रु ३० करोड १५ लाख २८ हजार बेरुजु देखिएको हो। यहाँका स्थानीय तहको आर्थिक वर्ष २०७५र७६ को महालेखापरीक्षकले सार्वजनिक गरेको प्रतिवेदनमा सबैभन्दा बढी चन्दननाथ नगरपालिकाको ८.२२ प्रतिशत अर्थात रु सात करोड चार लाख ४८ हजार बेरुजु रहेको छ। त्यस्तै सबैभन्दा कम हिमा गाउँपालिकाको २.३१ प्रतिशत अर्थात रु १ करोड १५ लाख ९५ हजार बेरुजु देखिएको छ। त्यसैगरी तिला गाउँपालिकाको ८.२० प्रतिशत अर्थात ५ करोड ७३ लाख आठ हजार, पातारासी गाउँपालिकाको ११.२ प्रतिशत अर्थात रु ५ करोड ५५ लाख ५७ हजार, सिंजा गाउँपालिकाको ८.४७ प्रतिशत अर्थात रु चार करोड ५६ लाख ९५ हजार रकम बेरुजु रहेको छ। गुठीचौर गाउँपालिकाको ८.३४ प्रतिशत अर्थात रु तीन करोड ५८ लाख १६ हजार, तातोपानी गाउँपालिकाको ४.५५ प्रतिशत अर्थात दुई करोड ९३ लाख ४९ हजार र कनकासुन्दरी गाउँपालिकाको ३.९९ प्रतिशत अर्थात दुई करोड ३५ लाख ३० हजार बेरुजु रहेको महालेखापरीक्षको कार्यालयले जनाएको छ।

महालेखापरीक्षकले चन्दननाथको रु ८५ करोड ७५ लाख, तिलाको रु ६१ करोड ८८ लाख, पातारासीको ५० करोड ९५ लाख तीन हजार, ५० करोड ९५ लाख तीन हजार लेखापरीक्षण गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ। त्यसैगरी तातोपानीको रु ६४ करोड ४७ लाख ७१ हजार, कनकासुन्दरीको ५८ करोड ९६ लाख ६२ हजार, सिञ्जाको ५३ करोड ९३ लाख नौ हजार, हिमाको रु ५० करोड ९५ लाख तीन हजार र गुठीचौरको ४२ करोड ९३ लाख ८३ हजार रकम लेखापरीक्षण गरिएको प्रतिवेदनमा जनाएको छ। हिमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत टोपबहादुर बुढासँग यहाँका स्थानीय तहमध्ये सबैभन्दा कम बेरुजु कसरी भयो भन्ने जिज्ञासा राख्दा उनले भने, नीतिनियमबमोजिम कार्यसञ्चालन र समयमै कार्यसम्पादन गरिएको हो। आर्थिक सुशासन, सार्वजनिक सुनुवाई जनप्रतिनिधिका दबाबको बेवास्ता गरी नियमले दिएअनुसार कार्यसम्पादन गर्दा सबैभन्दा कम बेरुजु आएको बताए।

**दुई करोड बजेट उपभोक्तमार्फत काम**

जिल्लाको गुठीचौर गाउँपालिकाले रु दुई करोड ५७ लाख ९९ हजारको विद्यालय भवन निर्माण गर्ने उपभोक्ता समितिमार्फत गरिएको

**बाँकी ८ पेजमा.....**

# सम्पादकीय...

## विपद् व्यावस्थापनमा लागौं

यस वर्षको सुरुआती समयमा देखिएको कोरोना र मनसुनसँगै भित्रिएको बाढीपहिरोका कारण देश सङ्कटमा छ। सरकारले जारी गरेको बन्दाबन्दी १२० दिनपछि खुले पनि कोरोना सङ्क्रमण घटेको छैन । कोरोना समुदायमा बिस्तार हुने खतरा बढेर गएको छ। बाढीपहिरोका कारण जनधनको क्षति हुने उपक्रम रोकिएको छैन । बस्तीहरु असुरक्षित भएका छन् । असुरक्षित बस्तीहरुलाई स्थान्तरण गर्नुपर्ने आवश्यकताप्रति सरकार गम्भीर हुन सकेको छैन । सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्र देखिएको आन्तरिक किचलोका कारण मूल मुद्दाहरु ओझेल परेका छन् ।

अहिले नेकपाभित्र देखिएको विवाद विधि र प्रक्रियाको लागि कि पदको लागि भन्नेमा अन्योलता छ। दुई फरक पृष्ठभूमिबाट आएका पार्टीहरु मिलेर बनेको विशाल नेकपाका दुई जना अध्यक्ष छन्। पार्टी अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्रीको रुपमा रहेका छन्। विद्रोहको पृष्ठभूमिबाट आएका अर्का अध्यक्ष प्रचण्डपक्षीय नेताहरु प्रधानमन्त्रीको रुपमा ओलीले व्यक्तिवादी चरित्र प्रदर्शन गरेको गुनासो गरिरहेका छन् । ओली चाहिँ आफूलाई काम गर्न नदिइएको र पार्टीभित्रैबाट असहयोग भएको अडानमा छन्। उनी प्रधानमन्त्री र पार्टी अध्यक्ष दुवै पद छाड्न तयार छैनन् र आवश्यक परे पार्टी नै फुटाउनेसम्मको तयारीमा छन्। स्थायी कमिटीको बैठक स्थगित गरिदिएर उनले सङ्कटलाई अझ गहिऱ्याउने काम गरेका छन् । उता, असन्तुष्टहरुले ओलीको कदम अवैधानिक भएको जिकिर गरेका छन् । पार्टीलाई संकटबाट बाहिर ल्याउने मध्यमार्गी उपायहरुको खोजी भइरहे पनि तत्काल विवाद टुङ्गिन्छ भन्नेमा दुवै पक्ष विश्वस्त छैनन् । खासगरि 'मेरो गोरुको बाह्रै टक्का' भन्ने अडानले सहमतिलाई पर धकेलेको छ। बलियो लोकतन्त्रका लागि दलहरु बलियो बन्नुपर्छ। देशलाई सही दिशा दिने दायित्व राजनीतिक दलहरुकै हो। राजनीतिक दलहरुभित्र आपसी प्रतिष्पर्धा हुन्छ, वैचारिक बहसहरु हुन्छन्। आफ्नो विचारलाई प्रमाणित गरेकै आधारमा वास्तविक नेता बन्छन् । यो उपक्रम चलिरहन्छ ।

आफूलाई प्रमाणित गर्नु वा शक्तिशाली बन्न खोज्नु अस्वभाविक हुनै सक्दैन । तर, विवाद विचारमा नभई पद र प्रतिष्ठाका लागि गरियो भने त्यसले समस्या निम्त्याउँछ। विवादलाई निरुपण गर्न नसक्दा त्यसले नेकपाको मात्र नभएर देशकै लागि दुर्भाग्यपूर्ण बनेको छ । नेपालका ठूला राजनीतिक दलहरुले विभिन्न कालखण्डमा विभाजनको पीडा भोगेका छन् । विभाजन कसैको लागि पनि हितकर हुँदैन । विभाजनले व्यक्तिको महत्वकांक्षा पूरा गर्ला तर लोकतन्त्रलाई कमजोर बनाउँछ ।

लोकतन्त्र कमजोर हुँदा र अस्थिरता बढ्दा जनतामा निराशा छाउँछ, देश पछि पर्छ। त्यसैले सङ्कटको बेला नेताहरुले वुद्धिमतापूर्ण निर्णय गर्नुपर्छ । त्याग गर्नेहरु महान् हुन्छन् । त्याग गर्नको लागि सबै तयार हुने हो भने समस्याको निकास निस्कन्छ। पार्टीभित्रको समस्या समाधान भए त्यसले देशलाई पनि फाइदा पुग्छ । सरकारको नेतृत्व गरिरहेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा)भित्रको आन्तरिक कलह समाधान गर्दै मुलुकमा देखिएको विपद् व्यवस्थापनका लागि चाँडो काम गर्नुपर्ने देखिन्छ ।

### जनचेतना मुलक सन्देश

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**शुभकालिका गाउँपालिकाको कार्यालय**
**कालिकोट**

### प्रकोप र महामारी सम्बन्धमा


**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

# अवरुद्ध कर्णाली राजमार्ग खुल्यो

मिसन न्यूज
सुर्खेत

पहिरोका कारण ५ दिनदेखि अवरुद्ध बनेको कर्णाली राजमार्ग सञ्चालनमा आएको छ । कर्णाली राजमार्गको कालिकोट खण्डमा मात्रै तीन दर्जन भन्दा बढी ठाँउमा गएको पहिरोका कारण कर्णाली राजमार्ग अवरुद्ध थियो । राजमार्ग सोमबारदेखि सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालय कालिकोटका प्रमुख श्यामबाबु ओलीयाले जानकारी



दिए। उनका अनुसार डिभिजन सडक कार्यालय जुम्लाको डोजरले पहिरो पन्छाएपछि राजमार्ग नियमित सूचारु भएको छ। जिल्लाको तिलागुफा नगरपालिकास्थित ठाकुल्ला खोलामा पानीको बहाब बढेपछि राजमार्ग अवरुद्ध हुने र पानीको बहाब घटेपछि राजमार्ग सञ्चालन हुने गरेको छ। कर्णाली राजमार्गको दैलेख र कालिकोटको सिमाना दहिखोला, गगने खोला, काले खोला, शेरीघाट, मान्म, ताडी, बिहानी खोला, शेरावाडा, टाकुल्ला, खल्लागाड लगायतका तीन दर्ज्जन भन्दा बढी ठाँउमा खसेको पहिरो पन्छाएपछि कर्णाली राजमार्ग सञ्चालनमा आएको डिभिजन सडक कार्यालय जुम्लाका इन्जीनियर लिलाबहादुर भण्डारीले बताए। उनका अनुसार पहिरोका कारण पाँच दिनदेखी अबरुद्ध राजमार्ग खुलाउनका लागि जुम्लादेखी डोजर सहित डिभिजन सडक कार्यालय जुम्लाको टोली पहिरो पन्छाउदै कालिकोट हुँदै दैलेखको सिमानासम्म पुगेको थियो । ती सबै स्थानमा पहिरो पन्छाएर राजमार्ग खुलाइएको छ । कालिकोटका प्रमुख जिल्ला अधिकारी चन्द्रप्रसाद गैरेले लामो समय राजमार्ग अवरुद्ध हुन नदिन डिभिजन सडक कार्यालय जुम्लालाई निर्देशन दिइएको बताए । डिभिजन सडक कार्यालय जुम्लाबाट एउटा डोजर कालिकोटमा राख्ने व्यवस्था मिलाइएको बताउदै राजमार्गका धेरै ठाँउमा पहिरो खस्ने समस्याले अवरुद्ध राजमार्ग समयमै खुलाउन नसकिएको बताए । लगातार एक हप्तासम्म राजमार्ग अवरुद्ध हुन नदिन सबै सरोकारवालाबीच छलफल र समन्वय भइरहेको उनको भनाइ छ।

### वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method ) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**

# संघीय निजामती सेवा ऐनको मस्यौदा कर्मचारीको भावना विपरीत



राजेश आचार्य

वि.सं. २०१३ सालमा तत्कालीन प्रधानमन्त्री टंकप्रसाद आचार्यको पालादेखि नेपालमा विधिवत रूपमा निजामती सेवाको सुरुवात भएको हो। मुलुकको स्थायी सरकार भनेर चिनिने निजामती कर्मचारीको सेवा, सुविधा, शर्त, आचरण, कर्मचारीले गर्ने सेवा प्रवाह लगायतका अन्य विविध विषयमा स्पष्ट व्यवस्थासहित बन्नुपर्ने संघीय निजामती सेवा ऐन हाल राज्य व्यवस्था तथा सुशासन समितिबाट जबर्जस्त पास गराइएको छ। कर्मचारीहरूको चासो, चिन्ता र सरोकार भएको ऐन निर्माणको सन्दर्भमा सरोकारवालासँगको कुनै राय, परामर्श र सल्लाह-सुझाव विना पास गरिएको संघीय निजामती सेवा ऐनको मस्यौदाले आम कर्मचारीमा नैरास्यता छाएको छ। यसले राष्ट्रसेवकहरूमा वितृष्णा समेत पैदा भएको छ। मुलुकमा भएका अनेक खाले राजनीतिक परिवर्तनमा समेत उल्लेखनीय र प्रभावकारी भूमिका निर्वाह गर्दै आएका कर्मचारीहरू पछिल्लो समयमा जबर्जस्त तरिकाले गरिएको कर्मचारी समायोजन होस् या कर्मचारीका सवालमा बनेको संघीय निजामती सेवा ऐनको मस्यौदा प्रतिवेदनमा कर्मचारीको मनोवल कमजोर हुने, सेवा सुविधा खोसिने र वृत्ति विकास रोकिने जस्ता व्यवस्थासहित राज्य व्यवस्था तथा सुशासन समितिबाट पास गरिएको संघीय निजामती सेवा ऐनको मस्यौदाप्रति आम कर्मचारीहरूको व्यापक असन्तुष्टि रहेको छ। एकात्मक रुपमा रहँदै आएको निजामती सेवा हाल संघ, प्रदेश र स्थानीय तहको संरचनामा रुपान्तरण भएको छ।

६४ वर्षे लामो इतिहास बोकेको निजामती सेवाले चुस्त, दुरुस्त, छिटो-छरितो र पारदर्शी हुन नसकेको गुनासो पनि खेप्दै आएको छ। निजामती प्रशासन मुलुकको स्थायी सरकार हुनुका नाताले भरोसा र यो संस्थाप्रति आम नागरिकले बढी अपेक्षा राख्न स्वाभाविक नै हो। आम कर्मचारीले आफ्नो कार्य क्षेत्रबाट रचनात्मक र सिर्जनात्मक भूमिका निर्वाह गरी आफूमाथि लाग्ने गरेको आरोपलाई आफ्नो कार्यशैली र व्यवहार परिवर्तन गरी जन गुनासोरहित चुस्त दुरुस्त सेवा प्रवाह गर्नु पर्दछ। यसतर्फ निजामती सेवामा बहाल रहेका सम्पूर्ण कर्मचारीहरू चनाखो हुनु जरुरी छ। हालै राज्य व्यवस्था समितिले पास गरेको संघीय निजामती सेवा ऐनको मस्यौदा प्रतिवेदनले कर्मचारीको सेवाको सुरक्षा, वृत्ति विकास, सेवा सुविधा लगायतका अन्य विविध पक्षहरूमा विभेदकारी व्यवस्था गरेकै कारण आज आम कर्मचारीहरू यस्तो परिस्थितिमा पनि आन्दोलित हुनु परेको छ। कोरोना भाइरस (कोभिड-१९) को महामारीमा समेत आफ्नो पेसागत हकहित र वृत्ति विकासका लागि आधिकारिक ट्रेड युनियनमार्फत आन्दोलनमा जानुपर्ने बाध्यात्मक अवस्था बनेको छ। प्रथमतः त्यो मस्यौदा नेपालको संविधान, २०७२ कर्मचारी समायोजन ऐन, २०७५ र नेपाल सरकार निजामती कर्मचारीहरूको आधिकारीक ट्रेड युनियन केन्द्रिय कार्यसमितिबीच मिति २०७५-१०-१० गते भएको लिखित सम्झौताको भावना, मर्म उद्देश्य प्रतिकूल छ। समायोजन भएर प्रदेश र स्थानीय तहमा गएका निजामती सेवा ऐन, २०४९ बमोजिम निजामती सेवामा प्रवेश गरेका र कर्मचारी समायोजन ऐन, २०७५ अनुसार समायोजन भएका कर्मचारीहरूलाई निजामती कर्मचारी भन्ने कुरा निजामती कर्मचारीको परिभाषामा समेटिएको छैन। यस्तो कार्यले समायोजन भएर प्रदेश र स्थानीय तहमा आइ सेवा प्रवाह गरिरहेका कर्मचारीको मनोबल कमजोर बनाउनुका साथै निजामती सेवा ऐन, २०४९ तथा कर्मचारी समायोजन ऐन, २०७५ को भावना र मर्ममा समेत गम्भीर असर परेको छ। सुशासन तथा राज्य व्यवस्था समितिबाट २०७७ असार १५ गते पास गरिएको संघीय निजामती सेवा ऐनको मस्यौदा प्रतिवेदनमा राखिएका थुप्रै विभेदकारी प्रावधानहरूमध्ये केही यस प्रकार छन् :

१. निजामती सेवा ऐन, २०४९ बमोजिम निजामती सेवामा प्रवेश गरेका र कर्मचारी समायोजन ऐन, २०७५ अनुसार प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरूलाई निजामती कर्मचारीको परिभाषामा नसमेटिनु।

२. राजपत्राङ्कित तृतीय श्रेणीमा हुने पदपूर्तिका निजामती सेवा ऐनमा भएका ३० प्रतिशत पदपूर्ति बढुवाद्वारा गरिने व्यवस्था हुँदा-हुँदै २० प्रतिशत बनाइएको र प्रदेश र स्थानीय तहमा समायोजन भएका रा.प. अनं. प्रथम नायव सुब्बा वा सो सरहको कर्मचारीलाई अन्तरतह प्रतियोगिताको व्यवस्था नगरिनु।

३. निजामती सेवा ऐन, २०४९ मा निजामती सेवामा विभिन्न रिक्त पदहरूमा आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति गरिने व्यवस्था राखिएकोमा हाल मस्यौदा प्रतिवेदनमा आन्तरिक प्रतियोगिता नराखिने कार्यले निजामती सेवामा कार्यरत कर्मचारीहरूलाई उपेक्षा गरेको छ। एक पटक निजामती सेवामा प्रवेश गरिसकेपछि आन्तरिक प्रतियोगिताद्वारा गरिने पदपूर्तिको कार्यले कर्मचारीको वृत्ति विकासमा सकारात्मक प्रभाव पार्दै आएको थियो। यस्तो अव्यवहारिक व्यवस्था निजामती सेवा ऐन, २०४९ मा भएको व्यवस्थाको मर्म र भावना विपरीत छ।

४. प्रस्तावित ऐनमा निजामती सेवामा कार्यरत कर्मचारीहरूले समेत उमेरको हद राखिएको छ जुन कुरा निजामती सेवा ऐन, २०४९ मा भएको व्यवस्थाको खण्डन र आम निजामती कर्मचारीहरूको मर्म र भावना प्रतिकूल हो। एक पटक निजामती सेवामा प्रवेश गरिसकेपछि कर्मचारीहरूलाई पुनः उमेरको हद लगाउने कार्य अव्यवहारिक र असान्दर्भिक छ।

५. प्रस्तावित संघीय निजामती सेवा ऐनको मस्यौता प्रतिवेदनले कर्मचारीको बढुवालाई व्यवस्थित र वैज्ञानिक गर्न नसक्ने देखिन्छ। कुनै सेवाका कर्मचारी ५ वर्षमा नै एक श्रेणीबाट अर्को श्रेणीमा बढुवा हुने तर कुनै सेवाका कर्मचारी लगातार २० वर्षदेखि एउटै श्रेणीमा काम गर्दा समेत बढुवा हुन नसकेको व्यवस्थालाई यस मस्यौदाले पनि यथावत गरेको छ। वर्तमान समयमा बढुवा प्रणालीलाई व्यवस्थित र वैज्ञानिक बनाउनु पर्दछ। जुन कुरा नहुँदा कर्मचारीको बढुवामा असमानता र विभेद रहने गर्दछ।

६. कर्मचारीको हकहित संरक्षण र सम्वर्द्धनका खातिर अग्रज कर्मचारीहरूले आफ्नो जागिर र जीउ, ज्यान समेतलाई तिलाञ्जली दिइ स्थापित गरेको कर्मचारी ट्रेड युनियनलाई कमजोर र फितलो गराउने गरी एकल ट्रेड युनियन राखिने कुरा निजामती सेवा ऐन, २०४९ र श्रम ऐन, २०७४ को मर्म र भावना विपरीत छ।

७. एउटै व्यवस्था अनुसार प्रदेश र स्थानीय तहमा समायोजन भएर आएका सबै तह र पदका कर्मचारीहरूको अन्तरसेवा प्रतियोगिताको व्यवस्था गरिनु पर्नेमा केही पदमा समायोजन भएर आएका कर्मचारीहरूलाई मात्र अन्तरसेवा व्यवस्था गरिनु स्वागतयोग्य भएता पनि सबै पदमा अन्तरसेवा प्रतियोगिता नराखिनु विभेदकारी र अन्यायपूर्ण छ। त्यसैले समायोजन भएर प्रदेश र स्थानीय तहमा आएका सबै तहका कर्मचारीहरूलाई अन्तरसेवा प्रतियोगिताको व्यवस्था गरी एकरुपता कायम गरिनु पर्दछ

८. सरुवा प्रणालीलाई समेत यस मस्यौदा प्रतिवेदनले खासै सम्बोधन र व्यवस्थापन गर्न सकेको छैन। सरुवा आम कर्मचारीको प्रमुख समस्या बन्दै आएको छ। त्यसैले चक्रिय र वैज्ञानिक सरुवा प्रणालीको सम्वन्धमा स्पष्ट व्यवस्था गरी संघीय संघीय निजामती ऐन आउनु जरुरी छ।

९. निजामती सेवाका हरेक पद (कार्यालय सहयोगीदेखि मुख्य सचिवसम्म) मा हुने सरुवा, बढुवा, सेवा सुविधा, वृत्ति विकास लगायत अन्य सरोकारका विषयमा स्पष्ट व्यवस्था गरी निजामती सेवा ऐनमा रहेका केही अस्पष्टतालाई समेत स्पष्ट हुने गरी, प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा ऐन निर्माणमा समेत छाता ऐन बन्ने गरी संघीय निजामती सेवा ऐन जारी गरी वर्तमान समयमा रहेको प्रशासनिक संक्रमणकालको अन्त्य गरिनु पर्दछ।

अन्तमाः संघीय निजामती सेवा ऐन संघ, प्रदेश र स्थानीय तहमा कार्यरत सबै कर्मचारीहरूको छाता ऐन हो, तर हाल संघीय निजामती सेवा ऐनको मस्यौदा प्रतिवेदनमा भएका केही व्यवस्थाले यो मस्यौदा प्रतिवेदन केन्द्रीय निजामती सेवा ऐन जस्तो देखिन्छ। निजामती सेवा ऐन आम कर्मचारीको चासो, चिन्ता र सरोकारको विषय हो। संघीय मस्यौदा प्रतिवेदनमा भएको व्यवस्थाले हाल सबै कर्मचारीहरूमा व्यापक असन्तुष्टि र असहमति रहेको छ। जसका लागी ऐन निर्माण गरिदैछ सरोकारवालासँग कुनै राय, परामर्श, सल्लाह, सुझावविना नै ल्याइने ऐनले कर्मचारीको मर्म र भावनाको सम्बोधन गर्छ भन्ने कुरामा न त विश्वास गर्ने आधार छ, न त कर्मचारीलाई उच्च मनोवलका साथ सेवा प्रवाह गर्ने वातावरण नै बन्दछ।

चुस्त-दुरुस्त, छिटो-छरितो र पारदर्शी रुपमा सेवा प्रवाह गर्नका खातिर कर्मचारीको सेवाको सुरक्षा र वृत्ति विकास जस्ता कुरामा ऐनमा नै स्पष्ट र एकरुपता हुने गरी व्यवस्था गरिनु पर्नेमा त्यसो भएको पाइएको छैन। अतः सरोकारवालासँग राय, परामर्श र सुझाव लिइ सम्बन्धित निकायले आम कर्मचारीहरूको मर्म र भावनालाई समेटेर संघीय निजामति सेवा ऐन जारी गर्न' पर्दछ। उक्त ऐन संघ, प्रदेश र स्थानीय तहको छाता ऐन बन्ने गरी यथाशक्य छिटो जारी गरेर प्रदेश र स्थानीय तहमा रहेको अन्यौलताको अन्त्य गरिनु आजको प्रमुख आवश्यकता हो।

**(लेखक निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियन, जिल्ला कार्यसमिति सुर्खेतका सचिव हुन्।)**

**पश्चिमनेपालबाट**

# कोरोना परीक्षण गर्ने अत्याधिक प्रविधिको मेसिन जोडिँदै

मिसन न्यूज
जुम्ला



जुम्लाको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कोरोना परीक्षण गर्ने नयाँ मेसिन जडान गर्ने भएको छ। केन्द्र सरकारले प्रत्येक प्रदेशका लागि ल्याइएको ७ वटा एक्स्ट्रयाक्सन मेसिनमध्ये प्रतिस्ठानमा जडान गर्न लागिएको हो। यो मेसिन कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई हस्तान्तरण गरेको प्रतिष्ठानका अस्पताल निर्देशक डा. मंगल रावलले जानकारी दिए। यसको क्षमता दैनिक कम्तिमा एक हजार स्वाब परीक्षण गर्न सक्ने हुन्छ।

रावलका अनुसार यो एक्स्ट्रयाक्सन सिस्टमले पिसिआर मेसिनले ६ घण्टामा गर्ने काम ३५ मिनेटमा गर्छ। 'स्वाब परीक्षण गर्ने दुईवटा विधि हुन्छ, जसमध्ये एउटा पिसिआर हो भने अर्को एक्स्ट्रयाक्सन हो,' उनले भने, 'एक्स्ट्रयाक्सन सिस्टमबाट पिसिआर प्रणालीले ६ घण्टामा गर्ने ३५ मिनेटमा सम्पन्न हुन्छ।' कोरोना जाँच गर्न स्वाब परीक्षण गर्ने कार्यमा अहिले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान काठमाडौंपछिको दोस्रोमा पर्छ। यो एक्स्ट्रयाक्सन सिस्टम जडान भएसँगै झनै सहज हुने डा.रावलले बताए। गत हप्ता जुम्लालाइ कोरोना पोजेटिभ मुक्त जिल्ला भनेर घोसणा गरिय पनि कतिपय जुम्लाबासिले हतारको संज्ञा दिएको बेला यो मेसिन जडान हुने थाहा पाउँदा कर्णालीबासीले ठूलो राहत पाउने छन्।








## स्वास्थ्य सन्देश

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस्।

महावै गाउँपालिकाको कार्यालय
कालिकोट

## प्रकोप नियन्त्रणको सूचना

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

# राहतका लागि हेलिकोप्टर भाडामा लिदैं

मिसन न्यूज
सुर्खेत

कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाही ( प्रज्वल) ले आगामी असोजसम्मको लागि हेलिकोप्टर भाडामा लिने तयारी गरेका जानकारी दिएका छन् । नियमित पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै मुख्यमन्त्री शाहीले बाढी-पहिरोसँगै अन्य प्राकृतिक विपत्तिलाई ध्यानमा राखेर आगामी असोजसम्मका लागि प्रदेश सरकारले हेलिकोप्टर भाडामा लिएर उद्धार तथा राहतमा प्रयोग गर्ने जानकारी दिएका हुन् । उनले भने, 'कर्णालीमा भोग, रोक र अन्य प्राकृतिक विपदलाई ध्यानमा राखेर हेलिकोप्टर भाडामा लिने तयारीमा छौं । तर, सेनाले प्रदेश सरकारले भनेको र आवश्यक परेको बेला हेलिकोप्टर उडान सक्यो भने फरक कुरा भयो ।

नत्र प्रदेश सरकारले नयाँ रणनीति लिन्छ ।' बिडम्बना के भने यता पीडितहरु चट्पटाउने अवस्था हुन्छ। हेलिकोप्टर उडानका लागि गृहसँग अनुमति लिनुपर्ने व्यवस्था छ। यो कस्तो नियम हो खै ? यता दुःखमा मान्छे परेको हुन्छ। प्रदेश सरकारले चाहेर पनि समयमा जनताको उपचार र उद्धार गर्न सक्दैन ।' त्यस्तै मुख्यमन्त्री शाहीले कोरोनाले दोस्रो चरणको महामारी लिनसक्ने बताउदै यसतर्फ सबैलाई सचेत बन्न आग्रह गरे। उनले भने, अहिलेको भन्दा इफेक्टिभ भाइरस आउने



सम्भावना अझै कायम छ। छिमेकी जिल्लाहरुमा कोरोना संक्रमण बढि रहेको छ। त्यसैले यसतर्फ सबैको ध्याना जान जरुरी छ । काठमाडौंको नागढुङमा पिसीआर चेक हुने र राज्यले त्यो व्यवस्था गर्ने अनि बबइको नाकामा नहुने भन्ने हुन्छ ? केन्द्र सरकार र प्रदेश सरकारले यसतर्फ पनि ध्यान दिन्छ। त्यसका लागि गृहकार्य तत्काल सुरु गरिने छ ।' मुख्यमन्त्री शाहीले कोरोनाको संक्रमणको अवस्थालाई हेरेर कर्णालीमा २०र२५ दिनसम्म लकडाउन गर्नुपर्ने हुन सक्ने बताएका छन् । उनले भने, 'प्रतिकार्यका लागि प्रदेश सरकारले इफेक्टिभ कोरोनालाई कर्णालीमा प्रवेश रोक्नलाई सीमानाकामा कडाई गर्नुपर्छ। कर्णाली प्रदेशभित्रिनेहरुलाई पीसिआर टेस्टको प्रमाण आवश्यक छ।' मुख्यमन्त्री शाहीले प्रत्येक जिल्ला दुई सय क्वीइन्टल चामल रहेको र खाद्य संस्थानलाई सम्भावित भोकमरीलाई ध्यानमा राखेर तयारी रहन आग्रह गरेको बताए । उनले भने, 'हालै पहिरोमा परेर क्षती पुगेका जिल्लामा प्रदेश सरकारले तीन महिनाको लागि खाद्य सामग्री प्रदान गरेको छ। थप अन्य कारणबाट भोकमरी सिर्जना हुन सक्छ । त्यसतर्फ पनि सरकारले सोचिरहेको छ। अहिलेलाई बाढी पहिरोको कारण जाजरकोट र कालिकोटमा सबैभन्दा बढी क्षती पुगेको छ । बाटो भत्केको अवस्थामा पनि खड्चड मार्फत पनि गाउँमा पीडितको लागि राहत सामग्री पुगाउने काम भइरहको छ।'


## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।
२. साझँ पख सधै ज्वरो आउनु ।
३. खाना खान मन नलाग्नु ।
४. तौल (वजन) घट्नु ।
५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

नरहरीनाथ गाउँपालिकाको कार्यालय
कालिकोट

## हाम्रो सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं ।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

स्वास्थ्य कार्यालय कालिकोट
कर्णाली प्रदेश, नेपाल

# प्रदेशमा पुन : लकडाउन हुने

मिसन न्यूज
सुर्खेत

कर्णाली प्रदेशमा कम्तिमा एक महिना लकडाउन हुन सक्ने संकेत देखिएको छ। मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा गरिएको पत्रकार हरुसँगको कुराकानीमा मुख्यमन्त्री महेन्द्र बहादुर शाहीले लक्षण सहितका कोरोना संक्रमित थपिदैं गए कम्तिमा २५-३० दिनसम्म मात्रै भएपनि लकडाउन गर्नुपर्ने बताए । 'कोरोना संक्रमण फैलिन नदिनको लागि सबैभन्दा उत्तम उपाय नै मात्र यस प्रदेशमा भित्रिन दिइनेछ ।' कर्णालीमा हालसम्म लक्षणसहितको कोरोना संक्रमित नदेखिएको दावी गरेका छन्। 'संक्रमितको सेवामा खटिएका स्वास्थ्यकर्मी र सुरक्षाकर्मीलाई संक्रमण देखिएको छ,' उनले भने, 'अब भाइरस सक्रिय बनेको अवस्था छ। संक्रमण समुदायमा फैलिनेतर्फ सरकार सचेत रहन आवश्यक देखिन्छ ।' मुख्यमन्त्री शाहीले अब प्रदेशभित्रै पनि विभिन्न समयमा भीडभाड गर्न नदिने बताए । 'भाइरस पूरै नियन्त्रण गर्न कठिन छ,' उनले भने, 'भाइरसको संक्रमण कम गर्न नागरिक सबै सचेत हुन



लकडाउन भएकोले कम्तिमा २५-३० दिनसम्म भएपनि लकडाउन गर्नुपर्ने देखिन्छ' मुख्मन्त्री शाहीले भने, 'हालसम्म लक्षण सहितका कोरोना संक्रमित कर्णालीमा देखिएका छैनन् । देखिन सुरुवात भएमा प्रदेश सरकारले लकडाउन गर्ने निर्णय लिनसक्छ।' कुराकानीमा प्रदेश सरकारले भारत वा अन्य प्रदेशबाट आउने नागरिकलाई पीसीआर जाँचपछि मात्र कर्णाली प्रवेश गराउने बताए। 'प्रदेशका विभिनन सिमानाका शिल गरिनेछ' मुख्मन्त्री शाहीले भने, 'काठमाडौंको थानकोटमा मात्रै पिसिआर गरेपनि अब प्रदेश सरकारले बबई नाकामा पिसिआर परिक्षण गरेर आवश्यक छ।' प्रदेश सरकारले १० वटै जिल्लामा अक्सिजन प्लान्ट राख्नका लागि तयारी गरिरहेको मुख्यमन्त्री शाहीले जानकारी दिए। परीक्षण किट अभाव हुन नदिने भन्दै उनले हरेक जिल्लामा आइसोलेसन र भेन्टिलेटर पनि थप गरिने जनाए । हरेक जिल्लामा १/१ सय बेडको आइसोलेसन राख्न सके उपचारमा सहज हुने उनको भनाइ छ। 'पालिकास्तरमा पनि ५०/५० वेडको आइसोलेसन थप गर्न पैसा पठाएका छौं,' उनले भने, 'सके सबै स्थानीय तहमा नत्र २२३ वटा स्थानीय तहको केन्द्र पर्ने स्थानमा आइसोलेसन स्थापना गरिनेछ।'

## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं, गरिबी न्यूनिकरण गरौं।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।

पचालभ्ररना गाउँपालिका
गाउँ कार्यपालिकाको, कार्यालय
कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

पचालभ्ररना गाउँपालिकाको कार्यालय
कालिकोट

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु।
२. साझँ पख सधै ज्वरो आउनु।
३. खाना खान मन नलाग्नु।
४. तौल(वजन) घट्नु।
५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृर्षी उत्पादन, पशुपालन र जडीबुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

## महत्वपूर्ण टेलिफोनहरु


| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# प्रचण्ड निवासका ६ सुरक्षाकर्मीमा कोरोना

मिसन न्यूज
काठमाडौं

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' निवास खुमलटारको बाहिरी घेरामा खटिएका ६ जना सुरक्षाकर्मीलाई कोरोना भाइरस संक्रमण पोजेटिभ देखिएको छ । प्रेस संयोजक विष्णु सापकोटा 'जुगल'ले जानकारी दिए । यद्यपी कुन दर्जाको सुरक्षाकर्मीलाई कोरोना देखिएको पुष्टि भएको छैन । त्यस्तै प्रदेश २ का आन्तरिक मामिला तथा कानुन मन्त्री ज्ञानेन्द्र कुमार यादवलाई कोरोना संक्रमण पुष्टि भएको छ । बुधबार राति आएको रिपोर्टमा ४४ वर्षीय




निवासमा कार्यरत सबै सुरक्षाकर्मी तथा अध्यक्ष प्रचण्डको परिवारका सबै सदस्यको स्वाब संकलन गरेर परीक्षण गरिएको थियो । जसमा ६ जना सुरक्षाकर्मीमा कोरोना भाइरस पोजेटिभ देखिएको हो । सुरक्षाकर्मीमा कोरोना देखिएपनि परिवारका कुनै सदस्यलाई संक्रमण नदेखिएको प्रचण्डका मन्त्री यादवमा कोरोना पोजेटिभ देखिएको हो । उनीसँगै उनका चालक, व्यक्तिगत सुरक्षा गार्ड ( पीएसओ), अंगरक्षक र एकजना सशस्त्र प्रहरीका जवानमा कोरोना संक्रमण पुष्टि भएको मन्त्री निकट स्रोतले बतायो । स्रोतका अनुसार उनीहरुको स्वास्थ्य सामान्य छ ।

## सम्पुर्णमा हाम्रो अनुरोध

**नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगर पालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।**

**रास्कोट नगरपालिका**
**कालिकोट**

# नयाँ नक्साबारे भारतको प्रतिक्रिया

एजेन्सी
पाकिस्तान

भारतले पाकिस्तानको यस नयाँ नक्सालाई अस्वीकार गर्दै यसको कुनै कानुनी वैधता र अन्तर्राष्ट्रियस्तरमा विश्वसनीयता नरहेको प्रतिक्रिया दिएको छ । भारतीय विदेश मन्त्रालयले एक विज्ञप्ति निकाल्दै भनेको छ,'हामीले पाकिस्तानको तदाकथित 'राजनीतिक नक्सा' देखेका छौं, जसलाई प्रधानमन्त्री इमरान खानले



जारी गरेका छन् । यहाँ भारतीय राज्य गुजरात र हाम्रा केन्द्र शासित प्रदेश जम्मू-कास्मिर र लद्दाखका क्षेत्रमा आधारहीन दावेदारी छ, यो राजनीतिक मुर्खतामा उठाइएको एक कदम हो । यस हास्यास्पद दाबीको न कुनै कानूनी वैधता छ, न कुनै अन्तर्राष्ट्रिय विश्वसनियता । वास्तविकता यो हो कि पाकिस्तानको यो नयाँ प्रयासले केवल सीमामा आतंकवादद्धारा समर्थित क्षेत्र-विस्तारको पाकिस्तानको सनकको धरातलको पुष्टि गर्छ ।'

मंगलबार पाकिस्तानका प्रधानमन्त्री इमरान खानले भारत स्वशासित कास्मिरी भूभाग समेत समेटेर नयाँ राजनीतिक नक्सा जारी गरेलगत्तै भारतको यस्तो प्रतिक्रिया आएको हो । भारतले कास्मिरको अर्ध स्वायत्तता खारेज गर्ने कदम चालेको एक वर्ष पुग्न एक दिन बाँकी रहदाँ पाकिस्तानी प्रधानमन्त्रीले नयाँ नक्सा सार्वजनिक गरेका हुन् । विदेशमन्त्री साह मेहमुद कुरैसीसँगै राष्ट्रका नाममा सम्बोधन गरेका प्रधानमन्त्री इमरानले मंगलबार नै नयाँ नक्साले केन्द्रीय क्याबिनेटबाट स्विकृति पाएको र यसलाई स्कुल र कलेजमा पठन-पाठनमा समेत प्रयोग गर्न सकिने बताए । भारतले गत वर्ष५ अगस्टमा जम्मू-कास्मिरको स्वायत्तता खोस्ने तथा लद्दाखलाई केन्द्र शासित प्रदेश बनाउनेगरी चालेको कदमलाई यस नक्साले अमान्य ठहर गरेको इमरानले बताएका छन् । इमरानका अनुसार संयुक्त राष्ट्रसंघले विगतमा ल्याएको समाधान प्रस्तावले कास्मिरी जनतालाई आत्मनिर्णयको अधिकार दिएको छ । 'उनीहरुलाई विश्व समुदायले दिएको आत्मनिर्णयको अधिकार अझै दिइएको छैन र हामी स्पष्ट रुपमा विश्वलाई भन्न चाहन्छौं कि यो एकमात्रै समाधान हो,' उनले भने । उनले समाधानका लागि पाकिस्तान सरकारका तर्फबाट प्रयास गरिने पनि बताए । 'हामी राजनीतिक संघर्ष गर्छौं, हामी सैनिक समाधानमा विश्व गर्दैछौं । हामी संयुक्त राष्ट्रसंघलाई फेरि फेरि पनि सम्झाउँछौं कि तपाईहरुले कास्मिरका जनतासँग गर्नुभएको प्रतिवद्धता पूरा गर्नु भएको छैन,' उनले भने । नयाँ नक्साबारे बोल्दै पाकिस्तानी विदेशमन्त्री कुरैसीले प्रशासनिक नक्सा विगतमा जारी गरिएपनि जनताको इच्छाअनुसारको नक्सा पहिलोपटक सार्वजनिक भएको बताए । उनले यस नक्सामा स्पष्ट रुपमा भारत स्वशासित कास्मिरलाई विवादास्पद भूमीका रुपमा देखाइएको र एउटै समाधान संयुक्त राष्ट्रसंघको समाधान प्रस्ताव र जन चाहनाअनुसार अघि बढ्नु रहेको बताए । कुरैसीले नयाँ नक्साबारे सम्पूर्ण पाकिस्तानमा एकमत रहेको बताए ।

# साताको भाग्यफल

| | |
|---|---|
| मेष : | राजनैतिक र सामाजिक प्रतिष्ठा कायम राख्न लगानी गर्ने समय आएको छ । बन्दव्यापार र पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ । वाहन लाभको योगपनि छ । मध्य सातामा नजिकका व्यक्तिबाट कार्यमा बाधा आउनेछ । |
| वृष : | नयाँ ठाउँमा आर्थिक लगानी गर्नु उपलब्धीमूलक हुँदैन । बैदेशिक क्षेत्र कमजोर रहनेछ । सामान हराउने वा चोरी हुने भयछ । साताको अन्त्यमा रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ । |
| मिथुन : | रमाइलो यात्राको योग रहेको छ । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । वाहन लाभ पनि हुनेछ । मध्य सातामा विचार पुर्याएर निर्णय लिनु राम्रो होला । |
| कर्कट : | धर्म कर्म, परोपकार, समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ । ठुला व्यक्तिले तपाईको मेहनतको प्रसंसा गर्नेछन् । मित्र जनको साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुनेछ । फलदायी यात्रा र शुभकार्यको चर्चा चल्नेछ । |
| सिंह : | राजनैतिक र सामाजिक प्रतिष्ठा कायम राख्न लगानी गर्ने समय आएको छ । बन्धुबान्धव र दाजुभाइको सहयोग लिनसकिनेछ । लामो समयदेखि रोकिएका अधुरा कामहरु पुरा हुनेछन् । |
| कन्या : | नियमित खर्चसमेत बढ्ने योग छ । व्यवसायमा मन्दी आउनेछ । सामान हराउने वा चोरी हुने सम्भावना छ । सोमवारबाट धन र व्यवहारमा फाइदा हुनेछ । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । |
| तुला : | शुभ कार्यमा सरिक भाईनेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ । चिताएको कामले तीव्रता लिनेछ । अतिथिका रूपमा सम्मान पाइनेछ । साताको अन्त्यमा घरायसी कामधन्दाका लागि खट्नु पर्नेछ । झंझटीलो कार्यमा समय खेरा जाला । |
| वृश्चिक : | स्वादिष्ट भोजनपनि पाईनेछ । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । आफन्त संग रमणीय र सुखद् यात्राको योग छ । मध्य सातामा महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ । एक किसिमको निरसतापनि आउन सक्छ । |
| धनु : | कामगर्ने जोश,जाँगर र हिम्मत बढ्नेछ । मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ । तिर्थाटनको योगपनि रहेको छ । साताको अन्त्यमा ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ । |
| मकर : | सौन्दर्यतामा धन खर्चपनि हुनेछ । जीवनसाथी संग राय बाजिनेछ । विहिवारबाट अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । बुद्धिको उपयोग गर्दा जटिल ठानिएको कार्यहरू सम्पादन हुन सक्छ । |
| कुम्भ : | व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुनेछ । नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ रोकिएको धन हाता पर्न सक्छ र सुखद् यात्राको योगपनि छ । |
| मीन : | व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ । धार्मिक,सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ । वाणिज्य क्षेत्रबाट विशेष लाभ रहनेछ । पर ीक्षा आदि प्रतिस्पर्धामा उर्तिण हुनसकिनेछ । |

## ३० करोड........................

लेखापरीक्षणको प्रतिवेदनमा उल्लेख गरिएको छ । नियमले तोकेको सीमाभन्दा बढीको कार्य उपभोक्ताबाट गराउन नमिल्ने पनि महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख गरिएको छ । स्थगन गरिएको सम्मेलन खर्च साढे १५ लाख चन्दननाथ नगरपालिकालको आयोजनामा लगानी सम्मेलन गर्ने निर्णय भई आर्थिक वर्ष २०७५/७६ को नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रममा लगानी सम्मेलन गर्नका लागि रु २० लाख बजेट विनियोजन गरियो । लगानी सम्मेलन गर्ने ०७५ भदौ २९ मा निर्णय भएको देखियो महालेखापरीक्षणको प्रतिवेदनमा भनिएको छ । लगानी सम्मेलन आयोजनाको तयारी गर्न बैठक भत्ता, मसलन्द, भ्रमण खर्च, प्रोमो निर्माण, फ्लेक्स छपाइ, ट्रेकिङ रुट म्यापलगायतका कार्यमा रु १५ लाख ६२ हजार खर्च गरेको भए पनि सम्मेलन नभएकाले खर्चको प्रभावकारिता नदेखिएको प्रतिवेदनमा उल्लेख छ ।

### नौ करोड बजेट फ्रिज

कर्णाली प्राविधिक शिक्षालयको स्तरोन्नति गरी स्नातक तहको कार्यक्रम सञ्चालन गर्न कर्णाली प्रदेशले विनियोजन गरेको रु नौ करोड बजेट फ्रिज गएको छ । भाषा, कला साहित्य तथा सांस्कृति प्रतिष्ठान स्थापना गर्ने, हिमाली क्षेत्रमा घुम्ती विद्यालय स्थापना र तीन वटा आवासीय विद्यालय स्थापना गर्न बजेट व्यवस्था गरेको भए पनि कार्य प्रगति नभएको महालेखापरीक्षणको प्रतिवेदनमा उल्लेख छ ।


## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

**– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।**
**– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।**
**– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।**
**– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।**
**– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।**

**पलाँता गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## 'भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भष्ट्राचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुऱ्याउन हुन अनुरोध छ ।

सर्म्पक ठेगाना
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

## जनहितमा जारी सन्देश

**सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषी उत्पादन, पशुपालन र जडीबुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान ।**

**नरहरीनाथ गाउँपालिका**
**कालिकोट**

## बेस्ट कर्णाली मिडियाद्धारा जारी सुचना

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ । साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

हाम्रा विशेषता
– सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्
– अनलाईन पत्रिका डिजाइन ।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
– वेव तथा अनलाईनका लागि होस्टीग ।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
– भिडियो डकुमेन्ट्री उत्पादन ।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

## सर्म्पुणमा अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुघर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुघर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**महावै गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## आर्थिक असमानता, सामाजिक एवं सांस्कृतिक देखावटीपन, नकारात्मक अभ्यास एवं चलायमान, मनोवृत्तिलाई कडाईका साथ निरुत्साहित गरौं ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत